# स्थानीय राजपत्र


## भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ०१ संख्याः ०५ मितिः २०७५/१०/२४


## भाग-२

## भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

### "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५

प्रमाणिकरण मितिः २०७५/०४/३०

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषतालाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दरीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी भानु नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस भानु नगरपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशसकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव-ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचवुझ गराउनु पर्नेछ ।

३) योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख, सिभिल ईन्जिनियर र योजना/प्रशासन शाखाको अधिकृत रहेको एक जांचबुझ समिती रहनेछ ।

४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेको निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**३) इजाजतपत्रको अवधि र नवीकरण :**

१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ

२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिमस संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित नगरपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पासवुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नुपर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका बाध्य हुनेछैन् ।

३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

**४) इजाजतपत्रको खारेजी :**

१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवराण पेश गरेको सम्वन्धित निकायबाट लेखि आएमा,

ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायबाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब मौका दिइने छ ।

३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण इजाजतपत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**६) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाउ :**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्मा वन्दोवस्ती सम्वन्धि फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची-१
कार्यविधिको दफा २ को उपदफा (१) संग सम्वन्धित
ईजाजतपत्रको लागि दिईने दरखास्त

**विषयः इजाजतपत्र पाउँ भन्ने बारे ।**

श्री भानु नगरपालिकाको कार्यालय,
फुस्रेटार, तनहुँ ।

यस भानु नगरपालिका कार्यालयको कार्यविधि ....... वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१) दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :**

नाम :
ठेगाना :
पोष्ट वक्स :
टेलिफोन नं. :

२) **फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ।)**

| | | | |
|---|---|---|---|
| ☐ | प्राइभेट लिमिटेड कम्पनी | ☐ | पब्लिक लिमिटेड कम्पनी |
| ☐ | एकलौटी | ☐ | साझेदारी |

**३) सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :**
नाम, थर :
ठेगाना :
टेलिफोन नं. :

४) **फर्म वा कम्पनीको विवरणः**

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूंजी : जारी पूंजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

**५) इजाजतपत्र लिन चाहेको वर्ग : (घ) वर्ग**

**६) समूहीकरण हुन चाहेको समूह :**

**७) आर्थिक श्रोतको विवरण :**

| | रकम | वित्तीय संस्था/वैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

**८) कामदारको विवरण :**
क) प्राविधिक :
ख) अप्राविधिक :
ग) अन्य :
प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपी तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ।

**९) आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी साधन औजारको विवरण :**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०) यस अघि सम्पन्न गरेको कामको विवरण :**

| सि.नं. | निर्माण सम्वन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामकोअवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**११) करचुक्ता गरेको प्रमाणपत्र कागजात :**

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुला वुझाउँला ।

निर्माण व्यवसायिकको छाप

दरखास्तवालको :
दस्तखत::
मितिः

**द्रष्टव्य :** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको वखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची-२

### कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्वन्धित

| क.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. ५०००। | रु. ११००। | रु. १०००। | रु. १०००। |

द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २० बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

**अनुसूची-३**
**कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्वन्धित**

# इजाजतपत्र

ईजाजतपत्र नं. ........................... मितिः .....................................

भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि २० ...... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .......................................... स्थित कार्यालय रहने गरी .................................................. फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

"घ"

(यस कोष्ठभित्र कुन वर्ग लख्नु पर्ने हो सोही वर्ग लेख्ने)

इजाजतपत्र दिनेको :

दस्तखत :

नाम :

पद :

मिति :

कार्यालय :

नविकरण :

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |

# अनुसूची-५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१) आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

**२) मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनीक र वाणिज्यशास्त्र /अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

**३) मेशीन र उपकरण :**

क) ट्रिपर/ट्याक्टर (एक/एक थान)
ख) मिक्स्चर (एक थान)
ग) Theodolite/Level Machine (एक सेट)
घ) वाटर पम्प (तीन थान)
ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म वेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढि पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन ।